सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ
बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नं. :-

**बिषय : कृषि विकास कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना ।**

पुनः सूचना प्रकाशित मिति : २०७९/११/१६ गते

उपरोक्त सम्बन्धमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ५०% लागत साझेदारीमा सञ्चालन हुने अध्यक्ष नमुना एक वडा एक पकेट कार्यक्रममा सहभागी हुन सिद्धलेक गाउँपालिका भित्रका दर्ता भएका ईच्छुक कृषक समूह/कृषि सहकारीबाट प्रथम पटक सूचना प्रकाशित मिति (२०७९/०८/२७ गतेदेखि २०७९/०९/१२ गते) भित्र सबै वडाबाट प्रस्ताव पेश हुन नआएको हुँदा पुनः सूचना प्रकाशित मितिले १५औं दिन (२०७९/११/१६ गतेदेखि २०७९/११/२९ गते भित्र) यस गाउँपालिकाको कृषि विकास शाखामा प्रस्ताव सहितको निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताबहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशील

| सि. नं. | कार्यक्रमको नाम | तोकिएको बाली बस्तु | साझेदार संस्था | बिनियोजित रकम | पकेट कार्यक्रमका न्युनतम आधारहरु |
|---|---|---|---|---|---|
| १. | अध्यक्ष नमुना एक वडा एक पकेट कार्यक्रम | खाद्यान्न तरकारी फलफुल | कृषक समूह तथा कृषि सहकारी | १७,५०,०००।- | PMAMP कार्यान्वयन म्यानुअ अनुसार |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) रु. १० को हुलाक टिकट टाँस गरी कार्यविधिमा तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन माग फारम

(२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फार्महरुले दर्ता प्रमाण पत्र तथा नविकरण पछिल्लो समयको तिरेको करचुक्ता, स्थायी लेखा नम्बर(प्यान) प्रमाणपत्र र संस्थाले योजना माग गरेको सम्बन्धमा कार्यसमितिको निर्णय प्रतिलिपी ।

(३) सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको व्यक्तिको नागरिकताको प्रतिलिपी ।

(४) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको करारनामा पत्र ।

(५) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

बिस्तृत जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन ।

सम्पर्क व्यक्तिहरु - श्री कोमल प्रशाद जोशी - ९८६४३००१०१, श्री इरिसा पाटामगर -९८६८८३६८८१

रामणी मिश्र
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ

सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरिदिनु हुन ।